# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ३) छत्रकोट गाउँपालिका, मितिः २०७६/१०/०८ (संख्याः ९**


## भाग–१

### छत्रकोट गाउँपालिका, गुल्मी

### २०७६ सालको ऐन नं. ९

### ऐनको नाम : छत्रकोट गाँउपालिकाको स्वास्थ्य ऐन, २०७६

**गाउँ सभाबाट स्वीकृत मितिः २०७६/१०/०५**

**प्रस्तावनाः**

यस छत्रकोट गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा स्थानीय सरकारको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा १२६ तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम छत्रकोट गाउँपालिकाको गाँउ सभाले यो ऐन तर्जुमा गरेको छ।"

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम छत्रकोट गाउँपालिका स्वास्थ्य ऐन, २०७६ रहेको छ ।

(ख) गाउँ सभाबाट स्वीकृत भइ स्थानीय राजपधमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले छत्रकोट गाउँपालिकाको स्वास्थ्य ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले छत्रकोट गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वामा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दबछ ।

(ङ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(ज) "अनुगमन समिति" भन्नाले दफा ६ अनुसार छत्रकोट गाउँपालिकामा गठित स्वास्थ्य अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र, शहरी स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय तथा प्रकृतिक चितित्सा केन्द्र, गाउँघर क्लिनिक, खोपा क्लिनिक, आयुर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजीः निजी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाग हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आाधारभूत मापदण्डः** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

## ५. गाउँ स्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकार

(१) छत्रकोट गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थहरुको देखदेख समन्वय र व्यवस्थापन गर्न गाँउ स्वास्थ्य सतितिको गठन गरिने छ । यस सतितिको गठन यस प्रकार हुनछ ।

(क) गाँउ प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य - अध्यक्ष

(ख) सामाजिक बिकास समितिको  संयोजक -सदस्य

(ग) स्वास्थ्य क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी गाँउ प्रमुखले तोकेको १ जना -सदस्य

(घ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना-सदस्य

(ङ) स्वास्थ्य संस्था संञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना- सदस्य

(च) कार्यपालिकाको सदस्यहरुमध्येवाट कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना- सदस्य

(छ) छत्रकोट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) गाउँपालिका स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य योजना तयार गर्ने ।

(ख) छत्रकोट गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी छत्रकोट गाउँपालिकालाई आवश्य राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजक वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाँउकार्यपालिकालाई स्वास्थ्य क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ६. गाउँपालिका स्वास्थ्य अनुगमन समिति गठन :

(१) छत्रकोट गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न गाँउ स्वास्थ्य अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छः

(क) गाउँपालिकाउपाध्यक्ष- अध्यक्ष

(ख) सामाजिक बिकास समितिको संयोजक -सदस्य

(ग) गाँउ सभाका सदस्यहरुमध्येबाट अध्यक्षले तोकेको एकजना महिला सहित २ -सदस्य

(घ) सरकारी/सामुदायिक स्वास्थ्य संस्थाका प्रतिनिधिमध्यबाट अध्यक्षले तोकोको एकजना -सदस्य

(ङ) गाउँपालिका भित्रका स्वास्थ्य व्यवसायी संघहरुमध्येबाट अध्यक्षले मनोनित गर्ने प्रमुख वा प्रतिनिधि एक जाना - सदस्य

(च) स्थानीय उपभोक्ता हित संरक्षण मंचको प्रमुख वा प्रतिनिधि एक जना -सदस्य

(छ) छत्रकोट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) गाउँ स्वास्थ्य अनुगमन समितिको काम, मर्तव्य र अधिकार :- गाँउ स्वास्थ्य अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**७. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक सस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिने छ । छत्रकोट गाउँपालिका प्रमुख संरक्षक रहनेछ ।

(क) सम्वन्धित वडाको वडाध्यक्ष -अध्यक्ष

(ख) वडाध्यक्षबाट मनोनित गरेको ब्यक्ति -उपाध्यक्ष

(ग) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यपाक -सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव -सदस्य

(ङ) समितिले मनोनित गरेको स्थानीय ब्यापार संघको प्रतिनिधि - सदस्य

(च) संरक्षकबाट मनोनित स्थानीय महिला १ जना - सदस्य

(छ) सम्वन्धित स्वास्थ्यको प्रमुख - सदस्य सचिव

यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि शहरी स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको कार्यक्षेत्रका स्वास्थ्य संस्था रहेका वडा भन्दा वाहेकका वडा अध्यक्षहरु पदेन सदस्य रहनेछन् ।

शहरी स्वास्थ्य प्रवद्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको हकमा शहरी स्वास्थ्य प्रवद्धन केन्द्र स्थापना तथा सञ्चालन निर्देशिका -२०७४ बमोजिम हुनेछ ।

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुनेछ ।

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत छत्रकोट गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन सतितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(ङ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाइका स्वास्थ्य सम्बन्धी कार्यक्रम अथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

८. **बैंक खाता सञ्चालन** : हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापवन र लेखा परीक्षण छत्रकोट गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

### ९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) **अस्पतालः** छत्रकोट गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न छत्रकोट गाउँपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) **स्वास्थ्य चौकीः** छत्रकोट गाउँपालिकाले प्रत्येक वडा अर्थात् जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा शहरी स्वास्थ्य केन्द्र या शहरी स्वास्थ्य प्रबद्धन केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहने छ । आवश्यकता अनुसार छत्रकोट गाउँपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरण आदि ।

(३) **आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्रः** छत्रकोट गाउँपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकीत्सा, योगा ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक तिकीत्सा सेवाको प्रर्वद्धनका लागि समुदाय वा ट्रष्टहरुसँगको साझेदारीमा वा छत्रकोट गाउँपालिका आफैले कम्तिमा एउटा आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्ति नेपाल सरकारबाट तोकिएको दरबन्दि अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले थप जनशक्ति तोक्न सक्नेछ ।

(ख) भवन कोठा, प्रशासन कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

**१०. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।**

(१) छत्रकोट गाउँपालिकाक्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्धारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैया सम्मको सञ्चालन अनुमति छत्रकोट गाउँपालिकाले दिनसक्नेछ ।

(२) उपदफा १ बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा छत्रकोट गाउँपालिकामा निवेदन दिन सक्नेछ ।

(३) स्वास्थ्य अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालकको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न गाउँपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा ३ को आधारमा गाउँ कार्यपालिकाले दुई वर्ष भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा ५ बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

(८) गाउँपालिकाले गाउँ क्षेत्रमा संचाललित सबै निजी स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न सक्नेछ ।

**११. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड :** गाउँपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुको देहाय अनुसारको मापदण्ड पुरा गनुपर्नेछ ।

(१) जनशक्ति कम्तीमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तीमा १ जना ल्याव टेक्नीसियन, ४ जना स्वास्थ्य सहायक, ४ जना अ.हे.व. , ३ जना अ.न.मी र ४ जना कार्यलय सहयोगि ।

(२) भवन तथा कोठा : दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सि कक्ष, प्रयोगशाला भर्ना भएमा विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फार्मेसि हुनुपर्ने ।

(३) उपकरण र पुर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सर्पोट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सीजनको अवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(४) अन्य पुर्वाधारहरु तोकिए बमोजिम हुनेछ ।

(५) गाउँपालिकाले थप मापदण्ड तोकि लागु गर्न सक्नेछ ।

**१२. पोलिक्लिनिक सञ्चालनको अनुमति**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै पनि व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ ।

**१३. मेडिकल प्रोगशाला सञ्चालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला सञ्चालन गर्न चाहेमा देहायबमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र,

(२) प्रयोगशाला सञ्चालन गर्ने स्थान, घरधनी र संचालक बीचको घरभाडा सम्बन्धि सम्झौता पत्र,

(३) प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परिक्षण प्रकार,

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण,

(६) प्रस्तावित लागत

**१४. फार्मेसि सञ्चालनको अनुमति** : फार्मेसी सञ्चालन गर्ने व्यक्ति वा फर्मले गाउँपालिकाको अनुमतिको लागि निवेदन पेश गर्दा तोकिएको मापदण्ड पूरा गरी औषधि व्यवस्था बिभागबाट स्वीकृती लिएको फार्मेसी सञ्चालन अनुमतिपत्र पेश गर्नुपर्नेछ ।

**१५. मापदण्ड पुरा गाँउेमा सजाय हुने** :

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा पूरा गरेको पाइएमा अनुगमन समितीले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरीवाना गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्नीसियन बाहेका व्यक्तिले रगत, दिसापिसाब, खकार लगाउँतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सुचीमा राखी सो को आम जनतालाई जानकारी दिईनृछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र फार्मेसी प्राविधिक बाहेक अरुले औषधि बेचेको पाईएमा तोकिए बमोजिमको जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ ।

**१६. सहुलियत छुटको व्यवस्था गर्नुपर्ने :** निजी लगानी र टष्ट्र मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले कुल शैयाको कम्तीमा १० प्रतिशत शैया गाउँपालिकाको सिफारिसमा तोकिए बमोजिमका सेवाग्राहिहरुका लागि निःशुल्क सेवाका लागि छुट्याउनु पर्नेछ ।

## परिच्छेद-४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयमसेवा सम्बन्धी व्यवस्था

**१७. स्वास्थ्यकर्मीको व्यवस्थापनः** गाउँपालिका भित्रका सरकारी र सामुदायिक स्वास्थ्य संस्थाहरुमार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन :

(१) स्थायी : गाउँपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु,

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) महिला स्वास्थ्य स्वंयसेविकाहरु,

**१८. महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहूँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले स्वास्थ्य आमा समुहको बैठकले आवश्यक प्रक्रिया पुऱ्याई तपसिल बमोजिम आफुमध्येबाट एक जना महिला स्वास्थ्य स्वंयसेविका छनौट गरी निर्णयको प्रतिलिपि सहित सोको जानकारी सम्बन्धित स्वास्थ्य संस्थामा दिनेछन् ।

(१) महिला स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेका सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा प्रति १५०० जनसंख्याकोलागि १ जना महिला स्वास्थ्य स्वंयसेविकाको सिफारिस स्वास्थ्य आमा समुह र वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

(३) प्रत्येक स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखिकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिले देखिनै कार्यरत महिला स्वास्थ्य स्वंय सेविकाहरु ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाई गरिने छ र नयाँ नियुक्ति गर्दा कम्तीमा माध्यमिक शिक्षा परिक्षा (-क्भ्भ्)उर्तिण वा सो सरहलाई मात्र नियुक्ति दिइने छ ।

(५) कुनै पनि संस्थामा कार्यरत तलबि कर्मचारी, शिक्षक, निर्वाचित जनप्रतिनिधिले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्य गर्न पाईनेछैन ।

(६) प्रत्येक ५ वर्षमा स्वास्थ्य आमा समुहको अनुरोध र वडा समितिको सिफारिसमा ६० वर्षको उमेर सम्म आफ्नो सेवा प्रदान गर्न सक्नेछन् । सिफारिस नभएमा वा ६० वर्ष पुरा भएपछि स्वतः पदमुक्त हुनेछ ।

(७) कम्तीमा १० वर्ष सेवा अवधि पूरा गरी बिदाई भएका महिला सामुदायिक स्वास्थ्य, स्वंयसेविकाहरुलाई स्थानीय तहमा उपलब्ध सेवाहरुलाई निःशुल्क रुपमा प्रदान गर्न स्थानीइ तहमार्फत प्रयास गरिनेछ ।

**१९. स्वास्थ्य कर्मिको सेवा सुविधा :**

**(१) स्थायी स्वास्थ्यकर्मी:** नेपाल सरकारले तोकेको स्केल वमोजिम तलव र गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) **करार स्वास्थ्यकर्मी:** प्रचलित तलव स्केल र दुई पक्षविचको समभ्रदारीमा भएको करार सम्भौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) **महिला स्वास्थ्य स्वयंसेविका:** पोशाक, वार्षिक रुपमा तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाँईएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२०. **स्वास्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति :** सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको न्युनतम दरबन्दि नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकार बाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजन भई नआएमा वा थप कर्मचारीको आवश्यकता परेमा गाउँपालिकाले करारामा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(२) करार सेवामा कर्मचारीको नियुक्ति गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी नियक्ति गर्न कार्यीविधि बमोजिम हुनेछ ।

२१. **कर्मचारी सरुवा:** स्वास्थ्यकर्मीहरुको गाउँपालिका भित्रको आन्तरिक सरुवा प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

२२. **कार्यसम्पादन करार सम्भौता गर्नुपर्ने :** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्भौताको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(१) गाउँपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृत सँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरु सँग कार्य सम्पादन करार सम्भौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्याकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य अनुगम समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२३. कार्य सम्पादन मूल्याकन र सजाय तथा पुरस्कार :**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्यांकन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नुपर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याकन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-५

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२४. वार्षिक खरिद योजना बनाउनुपर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुगमन र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२५. औषधि तथा स्वास्थ्य उपकरण खरिदः**

(१) औषधि तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधि तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२६. औषधि तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधि तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिणम निर्धारण स्थानीय स्वास्थ्य शाखाले माग गरे बमोजिम ३० प्रतिशत नबढाईकन गर्नुपर्नेछ ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधि तथा औषधि वितरण सम्वन्धि विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने गाउँपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

## परिच्छेद-६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धि व्यवस्था

**२७. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्नेः** गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालीत चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२८. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थान :**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक निती अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न

आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थान गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि सञ्चालन तथा व्यवस्थान गर्नुपर्ने छ ।

## परिच्छेद-७

## महामारी रोकथाम, फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :**

(१) स्थानीयस्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको स्वास्थ्य संस्था वा स्वयसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ७ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्यं स्वंयसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराईएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिती र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३०. महामरा रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सो को प्रभाव क्षेत्र निक्यौलगरी विद्यालयहरु वन्द गर्न, अस्थाई रुपमा वस्ती खाली गर्न वा अन्यन्त्र सर्वसाधारणलाई भ्रंमणमा प्रतिवन्ध समेत लगाउँनु सक्नेछ ।

(२) यस्तो परिस्थीतीमा माहामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**३१. सूर्ति, मदिरा तथा सूर्तिजन्य पदार्थको नियमन**

(१) सुर्ति, मदिराजन्य पदार्थ विक्रि वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनुपर्ने छ ।

(२) खाद्य पदार्थ बिक्रि गर्ने पसलमा सुर्ती तथा मदिरा जन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाईनेछ ।

(३) सूर्ती मदिरा र लागू पर्दाथजन्य वस्तुको विक्रि वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यलय, स्वास्थ्य संस्था, हाटबजार जस्ता क्षेत्रहरुको ३०० मिटर भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशानाको सहयोगमा गाउँपालिकाले कारवाही गर्नसक्नेछ ।

**३२. स्वास्थ्य संस्था जन्य फोहरमैला व्यवस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाबाट उत्पादन हुने औषधी तथा मेहिकल जन्य फोहरमैला व्यवस्थापनको निम्ती मापदण्ड सहितको आवश्यक निर्देशिका बनाई लागू गर्नसक्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्यसंस्थाहरुमा औषधि तथा मेडिकलजन्य फोहोरमैला व्यवस्थापनको लागि अनिवार्य रुपमा वार्षिक कार्ययोजना बनाई सोही अनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

## परिच्छेद-८

## विविध

**३३. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :**

१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिमल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निधान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिका बाट सिफारिस लिनुपर्ने ।

२) उपदफा १ बमोजिमको सिफारिस लिदा वातावरणिय प्रभाव अध्ययन गरि स्थानीयस्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशीक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :** स्वास्थ्य सेवा सम्वन्धि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघीय तथा प्रंदेश सरकारले सञ्चालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य शाखाले समन्वय गर्ने छ ।

**३५.** स्वास्थ्य आमा समुह, धामी झाक्रि सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३६.** गाउँपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य सम्वन्धित संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

**३७.** गाउँपालिकाको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजि व्यवसायी, समाजिक संघ संस्था टष्ट्र र व्यक्तिहरुसग विभिन्न कार्यहरुकोलागि साझेदारि गर्न सक्ने छ र

तिनिहरुबाट औषधि उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३८. पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजाएको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**३९. नियम बनाउने अधिकार** :

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२) यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक निर्देशिका बनाई लागुगर्न  सक्नेछ ।

**४०. संक्रमणकालीन व्यवस्था** : यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउदासम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**४१. बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर यस्तो आदेश गाउँसभाले ६ महिनाभित्र अनुमोदन गाँउेमा स्वतह निष्कृय हुनेछ ।

**४२. बचाउ र लागु हुने**: यो ऐन र यो ऐन अर्न्तगत बनेका नियममा लेखिएजति कुरामा सोही  बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमाणिकरण मितिः २०७६/१०/०८

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत